# जुनीचाँदे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मजकोट, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

पत्र संख्या :-२०७५/०७६
चलानी नं. :-

मिति:-२०७५।०९।२४

## विषय : सुचना । सुचना ॥ सुचना ॥।

प्रस्तुत विषयमा राष्टिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट प्राप्त पत्र अनुसार दलित तथा कर्णाली क्षेत्रका बालबालिकालाई मासिक रु ४ सयका दरल प्रदान गरिदै आएको बाल संरक्षण अनुदानको दायरालाई विस्तार गरी जाजरकोट जिल्लामा समेत संचालन हुने सन्दर्भमा यस जुनीचाँदे गाउँपालिकामा पनि सञ्चालन हुने भएको छ । सो सम्बन्धमा तपशिल बमोजिमको कागजात सहित सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्नहुन सम्बन्धित सवै जानकारीका लागि अनुरोध छ ।

**तपशिल:**

१. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्याविधि, २०७५ को दफा (३छ) मा भएको व्यवस्था अनुसार एक आमाबाट जन्मिएका पाँच बर्ष मुनीका बढीमा २ जना बालबालिकाहरुलाई मासिक रु ४००। दरले बाल पोषण भत्ता उपलब्ध गराइनेछ ।

२. माघ १५ गते सम्म विवरण संकलन गरी माघ मसान्त सम्म सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरिसक्नुपर्ने ।

३. कुनै बालबालिकाको आमा वा बाबु मध्ये कुनै एक जना सरकारी वा औपचारिक सेवामा कार्यरत भएमा वा कुनै व्यवसाय दर्ता गरी सञ्चालन गरिरहेको भएमा त्यस्ता बालबालिकाले यो भत्ता प्राप्त गर्न सक्ने छैन ।

४. तेस्रो चौमासिकबाट बाल पोषण भत्ता वितरण हुनेछ ।

नोट : (आवश्यक कागजातहरु: निवेदन, २ प्रति पासपोर्ट साइजको फोटो र आमा वा बाबुको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, जन्मदर्ताको प्रतिलिपि

सर्वदल शाही
प्रमुख प्रशासकीय अधिकृत